# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-२, अंक-१०, आ.व.२०८२/८३ माघ, २०८२

## सम्पादकीय


कोशी प्रदेश सरकारको चालु आ.व.२०८२/८३ को **माघ मसान्तसम्मको** समग्र आय-व्ययको विवरण समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को माघ महिनासम्म प्रदेशको कुल खर्चमा २८.२ प्रतिशतले कमी आएको छ।

## कोशी प्रदेशको सरकारी खर्च

१. चालु आ.व.२०८२/८३ को **माघ महिनासम्म** वार्षिक विनियोजनको तुलनामा **२०.० प्रतिशत** खर्च भएको छ। जसमध्ये चालु, पूँजीगत र स्थानीय तह अनुदानको खर्च प्रतिशत देहाय अनुसार रहेको छः-

| चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान |
|---|---|---|
| २२.४% | १३.४% | ३७.६% |

**चार्ट (क)- तीन आर्थिक वर्षको माघ मसान्तसम्मको खर्चको अवस्था (रकम रु.लाखमा)**




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

२. आर्थिक वर्ष २०८२/८३ को माघ महिनासम्म जम्मा रु.७ अर्ब २० करोड १३ लाख खर्च भएको छ। कुल खर्च मध्ये पूँजीगत खर्च रु.२ अर्ब २९ करोड ६९ लाख र चालु खर्च रु.३ अर्ब १२ करोड ७७ लाख रहेको छ।

**तालिका (क)- पछिल्लो तीनवर्षको माघ महिनासम्मको खर्चको तुलनात्मक स्थिति (रु.लाखमा)**

| बजेट शीर्षक | आ.व.२०८०/८१ | | | चालु आ.व.२०८१/८२ | | | चालु आ.व.२०८२/८३ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति |
| चालु खर्च | १२७४७२ | ४३७५६ | ३४.३% | १४०९४८ | ४९७६० | ३५.३% | १३९८७४ | ३१२७७ | २२.४% |
| पूँजीगत खर्च | २०३८५१ | ३५२२१ | १७.३% | १६५२७४ | ३२१०३ | १९.४% | १७१४३० | २२९६९ | १३.४% |
| वित्तीय व्यवस्था | १०० | ० | - | २०० | ० | - | १००० | ० | ०.०% |
| स्थानीय तह अनुदान | ३६७४५ | १३२९२ | ३६.२% | ४६३७१ | १८३६५ | २९.६% | ४७१९६ | १७७६८ | ३७.६% |
| कुल खर्च | ३६८१६८ | ९२२६९ | २५.१% | ३५२७९३ | १००२२८ | २८.४% | ३५९४९९ | ७२०१३ | २०.०% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

३. चालु आ.व.२०८२/८३ को माघ महिनासम्मको कुल खर्चमध्ये सबैभन्दा बढी असोज महिनामा रु.१ अर्ब ९४ करोड ३७ लाख खर्च भएको छ, भने सबै भन्दा कम श्रावण महिनामा रु.८ करोड २८ लाख खर्च भएको छ।

**तालिका (ख) आ.व.२०८२/८३ माघसम्मको मासिक खर्चको विवरण (रु.लाखमा)**

| महिना/शीर्षक | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | मासिक जम्मा | मासिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| श्रावण | ८१२ | १६ | ० | ८२८ | १.१% |
| भदौ | ५४५४ | १३४१ | ११९५ | ७९९० | ११.१% |
| असोज | ६७०६ | ५५१८ | ७२१३ | १९४३७ | २७.०% |
| कार्तिक | २९३९ | १४४६ | ३१८ | ४७०३ | ६.५% |
| मंसीर | ४७७७ | ३३६५ | ३७२९ | ११८७१ | १६.५% |
| पुष | ६२६७ | ५३५१ | ३९७७ | १५५९५ | २१.७% |
| माघ | ४३२१ | ५९३३ | १३३६ | ११५८९ | १६.१% |
| जम्मा खर्च | ३१२७७ | २२९६९ | १७७६८ | ७२०१३ | १००.०% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

## कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

४. आ.व.२०८२/८३ माघ मसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत रु.८ अर्ब ३८ करोड ८८ लाख **(वार्षिक लक्ष्यको ४६%)** राजस्व संकलन वा प्राप्ति भएको छ। यसैगरी संघ अनुदानको जम्मा रु.६ अर्ब ३० करोड ९४ लाख **(वार्षिक लक्ष्यको ४३.५%)** निकासा प्राप्त भएको छ।

५. चालु आ.व.को माघ मसान्तसम्म राजस्व र अनुदान गरी जम्मा रु.१४ अर्ब ६९ करोड ८१ लाख रकम प्रदेश सञ्चित कोषमा प्राप्ति भएको छ। गत आ.व.को भन्दा चालु आ.व.को संघ सशर्त अनुदानको विनियोजन कम भएको हुँदा समग्र आयमा कमी देखिएको छ।

**तालिका (ग)- पछिल्लो तीन आ.व.को (माघ सम्मको) राजस्व तथा अनुदान प्राप्तिको विवरण (रु.लाखमा)**

| आय शीर्षक | २०८०/८१ माघ सम्मको प्राप्ति | २०८१/८२ माघ सम्मको प्राप्ति | चालु आ.व.२०८२/८३ | | | गत आ.व.को तुलनामा वृद्धि |
|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | माघ सम्मको प्राप्ति | प्राप्ति प्रतिशत | |
| संघीय राजस्व बाँडफाँट (VAT, अन्तःशुल्क र रोयल्टी) | ५१६०० | ५७२४३ | **१२७४६६** | ६३०६७ | **४९.५%** | १०.२% |
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट प्राप्त हुने समेत) | १८६४२ | २४५६९ | **५५०००** | २०८२० | **३७.९%** | -१५.३% |
| संघ वित्तीय समानीकरण अनुदान | ४३९१९ | ४४७१६ | **८९८३४** | ४४९१७ | **५०.०%** | ०.४% |
| संघ सशर्त अनुदान | ३३२२१ | १३८०९ | **४५७१०** | १५०३७ | **३२.९%** | ८.९% |
| संघ समपूरक अनुदान | २४०९ | ४३२३ | **३९१७** | १३०१ | **३३.२%** | -६९.९% |
| संघ विशेष अनुदान | २५०८ | ४५७८ | **५५७२** | १८३९ | **३३.०%** | -५९.८% |
| **जम्मा** | **१५२२९९** | **१४९२३८** | **३२७४९९** | **१४६९८१** | **४४.९%** | -१.५% |

**नोटः नगद मौज्दात रु. ३ अर्ब १३ करोड समेत चालु आ.व. २०८२/८३ को कुल आय अनुमान रु. ३५ अर्ब ८७ करोड ९९ लाख रहेको छ।**

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

६. चालु आ.व.२०८२/८३ को माघ मसान्तसम्म संघीय राजस्व बाँडफाँट र आन्तरिक राजस्वको शीर्षकगत रुपमा मासिक राजस्व प्राप्तिको विवरण समेत तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका (घ)- आ.व.२०८२/८३ को माघसम्म राजस्व सङ्कलनको मासिक विवरण (रु.लाखमा)**

| महिना/ शीर्षक | संघीय राजस्व बाँडफाँट | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | अनुमतिपत्र, यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | विविध शुल्क/ अन्य राजस्व | जम्मा मासिक राजस्व |
|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण** | ० | ० | ० | ५६५ | ७२ | २४ | ३६ | १७३ | **८६९** |
| **भदौ** | ८८०१ | ११२७ | ९६ | ४५१ | ७६ | ४७ | ४ | २०६ | **१०८०८** |
| **असोज** | ८१४२ | ९३६ | १००५ | ७७ | ४६ | १९ | १५ | ८९ | **१०३३०** |
| **कात्तिक** | १८१९२ | ३३८ | ११७९ | २९३ | ४८ | १०५ | १७ | २३१ | **२०४०३** |
| **मंसिर** | ८६२२ | १६७२ | १०२७ | ७१६ | ६१ | ६५ | ५ | २९० | **१२४५८** |
| **पुष** | ८९८४ | १७०२ | ७७३ | ८२७ | ६४ | ४४ | २७८ | ७९६ | **१३४६८** |
| **माघ** | १०३२५ | १७८३ | १६२८ | ७३२ | ४९ | २९० | ३९९ | ३४५ | **१५५५१** |
| **माघसम्मको जम्मा** | **६३०६७** | **७५५८** | **५७०९** | **३६६२** | **४१५** | **५९४** | **७५४** | **२१२९** | **८३८८८** |
| **वार्षिक लक्ष्य** | **१२७४६६** | **१८४००** | **१५०००** | **८०००** | **९००** | **३३००** | **५०२६** | **४३७४** | **१८२४६६** |
| **चालु आ.व. माघ सम्मको प्रगति** | ४९.५% | ४१.१% | ३८.१% | ४५.८% | ४६.१% | १८.०% | १५.०% | ४८.७% | ४६.०% |
| **गत आ.व. माघ सम्मको प्राप्ति** | ५७२४३ | ८०९४ | ५२७४ | ३७३२ | ५१४ | ३४९२ | १३७८ | २०८५ | **८१८१२** |
| **वृद्धि प्रतिशत** | १०.२% | -६.६% | ८.२% | -१.९% | -१९.२% | -८३.०% | -४५.३% | २.१% | २.५% |


(*स्थानीय तहबाट प्राप्त राजस्व अन्तरगत दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

७. गत आ.व.को माघसम्मको तुलनामा चालु आ.व.को माघसम्म संघीय राजस्व बाँडफाँटमा १०.२ प्रतिशतले वृद्धि भएको छ, भने प्रदेशको आन्तरिक राजस्वमा १५.३ प्रतिशतले कमी आएको छ। आन्तरिक राजस्व तर्फ सवारी साधन कर लगायतका सबै शीर्षकमा अघिल्लो वर्षको तुलनामा कमी भएको छ।

**चार्ट (ख)- तीन आर्थिक वर्षको माघ महिनासम्मको आन्तरिक राजस्व सङ्कलनको अवस्था**

**(रकम रु.लाखमा)**




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

<u>**सम्पादन तथा प्रकाशन**</u>

**कोशी प्रदेश सरकार**

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**(वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा)**